**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

## प्रेस विज्ञप्ति – २०६४ फागुन २४

### उच्चायुक्तको कार्यालय–नेपालका प्रमुखद्वारा बलात्कारको अभियोगमा मुद्दा दायर गर्नपाउने ३५ दिने हदम्याद हटाउन, अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) को स्मरण गर्न आग्रह

देहायको भाषण उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले काठमाडौंस्थित उच्चायुक्तको कार्यालयमा शुक्रबार आयोजित प्रेस सम्मेलनमा गर्नुभएको हो :

भोलि मार्च ८ तारिख अन्तर्राष्ट्रिय महिला दिवस हो। यस दिवसका लागि यस वर्षको अन्तर्राष्ट्रिय विषयवस्तु —महिला र बालिकामा लगानी' हो। र म मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ६०औं वार्षिकोत्सव मनाइरहेको वर्षको विषयवस्तु "हामी सबैका लागि मर्यादा र न्याय" हो भन्ने कुरा तपाईंहरूलाई स्मरण गराउँदछु।

उच्चायुक्तको कार्यालय–नेपालद्वारा गत नोभेम्बर महिनामा आयोजित विज्ञमण्डल छलफलको अनुवर्ती कार्यको रूपमा र बलात्कारविरुद्धको दण्डहीनता तथा अन्य प्रकारका यौनहिंसाको अन्त्य गर्नेतर्फ मेरो कार्यालयको वकालतलाई जारी राख्न, हामीले केही वक्ताहरूलाई मुलुकी ऐनअन्तर्गत बलात्कारको अभियोगमा उजुरी (अभियोगपत्र) दायर गर्न पाउने बन्देजकारी ३५ दिने हदम्यादसम्बन्धी कानुनले कसरी महिलाको जीवनमा प्रभाव पारेको छ भन्नेबारे आफ्ना विचारहरू व्यक्त गर्न आमन्त्रण गरेका छौं।

सार्वजनिक जीवनमा महिलाको सहभागिता तथा प्रतिनिधित्व वृद्धि गर्ने, रूढिगत कुराहरूलाई चुनौती दिने तथा लैङ्गिक समानता सिर्जना गर्ने कार्य नेपालमा सङ्क्रमणको एउटा अत्यन्त महत्त्वपूर्ण पक्ष हो। पहिलेभन्दा निकै महिलाहरू राजनीतिमा प्रवेश गरिरहेको हामीले देखेको हुनाले यो वर्ष उत्सव मनाउने पक्कै केही कुरा हुनुपर्छ र उनीहरूलाई नेपालको नयाँ संविधानमा महत्त्वपूर्ण योगदान दिने मौका आएको छ। यसले महिलालाई पीडितको रूपमा हेर्ने आमधारणालाई परिवर्तन गर्नेछ भन्ने पनि उत्तिकै महत्त्वपूर्ण छ; बरू महिलालाई देशको भावी दिशा निर्माण गर्ने **पात्र**को रूपमा हेरिनुपर्छ।

कानुन निर्माण प्रक्रियामा बढी महिलाहरूको संलग्नताले भेदभावकारी कानुनी प्रावाधानहरूको अन्त्य गर्नेतर्फ योगदान पुऱ्याउनुपर्छ, जुन सार्वजनिक जीवन तथा दण्डहीनताविरुद्धको लडाइँमा महिलाको सहभागिता अभिवृद्धि गर्न सर्वाधिक महत्त्वपूर्ण उपायहरूमध्ये एक हो। आज म विशेषगरी बलात्कारका सम्बन्धमा प्रहरीमा जाहेरी दिने बन्देजकारी ३५ दिने कानुनी हदम्यादबारे उल्लेख गर्न चाहन्छु। उच्चायुक्तको कार्यालयको विज्ञमण्डलको छलफलमा विज्ञहरूले यस ३५ दिने हदम्यादलाई नेपालमा अभियोजन गर्ने कार्यमा रहेका ठूला चुनौतीहरूमध्ये एउटा चुनौतीका रूपमा उल्लेख गरेका थिए।

अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा प्रेस विज्ञप्ति जारी गर्दै संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले भन्नुभयो – "महिलाहरूलाई संरक्षण गर्ने, उनीहरूका अधिकार सुनिश्चित गर्ने तथा आर्थिक तथा सामाजिक स्वतन्त्रताको सम्भावना प्रदान गर्ने कानुनी खाका अपर्याप्त रहुन्जेल महिलामाथि हुने हिंसाविरुद्ध लड्ने प्रयासहरू गम्भीररूपमा अवरुद्ध हुनेछन्। धेरै राज्यहरू आफ्ना कानुनको समीक्षा गर्ने तथा संस्थागत

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org

भेदभाव अन्त्य गर्ने प्रतिज्ञा पूरा गर्न विफल भइरहेका छन् र परिणामस्वरूप दसौं लाख महिलाहरूले ठूलो अन्याय सहिरहेका छन्।"

उच्चायुक्तको कार्यालयद्वारा गरिएका जाँचबुझबाट धेरैवटा घटनामा बलात्कारको अपराध भएको ३५ दिनभित्र त्यसका विरुद्ध उजुरी दायर नगरेको देखिन्छ। यसको पछाडि, केही समय नबितेसम्म आफूमाथि भएको अपराधबारे कुरा गर्न धेरै महिलाहरू तयार नहुनेलगायतका कतिपय कारण छन्। सामान्यतया विशेषगरी गम्भीररूपमा कम रिपोर्ट भएको कुनै अपराधका लागि उजुरी दायर गर्ने कुरामा यसले गम्भीररूपमा थप अवरोध पुऱ्याउँछ। त्यसबाहेक, बलात्कारको मुद्दामा प्रहरीद्वारा प्रायः कानुनी हदम्यादलाई उजुरी दायर नगर्ने बहानाका रूपमा प्रयोग गर्ने गरिएको उच्चायुक्तको कार्यालयले पाएको छ। उजुरी दायर गरिए तापनि बन्देजकारी कानुनी व्यवस्थाले (प्रहरीलाई) अनुसन्धानका लागि एवं अदालतमा अभियोगपत्र दायर गर्न अत्यन्त कम समय दिन्छ र यसरी सफल अभियोजनका लागि मौकाको अवमूल्यन हुनजान्छ।

नेपालमा भन्दा फरक, धेरै राष्ट्रमा बलात्कारका लागि कसुर भएको समयदेखि १०–१५ वर्षको हदम्याद हुन्छ; यिनमा स्विडेन र न्युजिल्यान्डसमेत पर्दछन्। तर फ्रान्स तथा संयुक्त राज्य अमेरिकाका केही राज्यमा बलात्कारका लागि कुनै पनि प्रकारको हदम्याद छैन। भारतमा बलात्कारको घटनामा मुद्दा दायर गर्न कुनै कानुनी हदम्याद छैन। तर अदालतको व्याख्याले मुद्दाहरू "तर्कपूर्ण अवधिभित्र" दायर भइसक्नुपर्ने देखाउँछ र त्यसकारण समयसीमा न्यायिक व्याख्यामा छोडिएको छ। बङ्गलादेशमा फौजदारी कसुरका लागि कुनै कानुनी हदम्याद छैन।

नेपालमा बन्देजकारी कानुनी हदम्यादमा संशोधन गर्ने अथवा त्यसलाई हटाउने सम्बन्धी वकालत धेरै वर्षदेखि जारी छ। महान्यायाधिवक्ताको कार्यालयको हालैको प्रतिवेदनले समेत त्यसो नगर्नुपर्ने आवश्यकता औंल्याएको छ। तर सन् २००५ मा महिला कानुन तथा विकास मञ्चद्वारा उक्त कानुनमा संशोधन गर्न आदेशको माग गर्दै दायर गरिएको सार्वजनिक सरोकारोको विवाद (पीआईएल)माथिको सुनुवाईलाई सर्वोच्च अदालतले केही पटक स्थगित गरिसकेको छ। पीआईएलको अर्को सुनुवाई चैत २७ गते हुने तय गरिएको छ।

तय गरिएको त्यो सुनुवाईको एक दिनमात्र पछि नेपालीहरूले सबैले समान अवसर, प्रतिनिधित्व, सम्मान तथा अधिकारको उपभोग गर्न पाउने देशको आधार खडा गर्ने अपेक्षा गरिएको संविधानसभाका लागि मतदान गर्नेछन्। तर ३५ दिन मात्रले बलात्कारलाई गैरअपराधमा रूपान्तरण गर्ने हो भने महिलाका लागि कस्ता प्रकारका अवसर, कस्ता प्रकारका अधिकार विद्यमान हुने हुन्? बलात्कार कुनै पनि समयमा अपराध होः ३५ दिन, महिनौं वा वर्षौंपछि। बलात्कारको अपराधका लागि न्यायिक उपचार पाउने आफ्नो अधिकारबाट महिलाहरूलाई वञ्चित गरिएसम्म सबैका लागि मानवअधिकारमा आधारित प्रजातन्त्रतर्फको सङ्क्रमणको प्रक्रिया पूर्ण हुन सक्दैन।

म मानवअधिकार उच्चायुक्तलाई पुनः उद्धृत गर्न चाहन्छु – "मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ६० औं वार्षिकोत्सवको वर्षमा विश्वभरका धेरै महिलाले मौलिक अधिकारहरूको अझै उपभोग गर्न नपाउनु लज्जास्पद छ। केही घटनामा उनीहरू जाति, उमेर वा अपाङ्गता एवं उनीहरूको लिङ्गजस्ता कैयौं प्रकारका भेदभावबाट पीडित हुन्छन्। राज्यहरूले आफ्ना प्रतिबद्धतालाई गम्भीरतापूर्वक नलिएसम्म महिला तथा बालिकाहरूमाथिको लगानी कुरा मात्र हुनेछ।"

धन्यवाद।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org